# जनावरका लागि पोखरी निर्माण

मुसीकोट समाचारदाता
*रुकुमपश्चिम, पुस ३ गते*

सुक्खायाममा जङ्गली जनावर र चराचुरुङ्गीलाई पानीको अभाव हुन नदिन रुकुमपश्चिमका तीन स्थानमा रिचार्ज पोखरी निर्माण गरिएको छ। सानीभेरी गाउँपालिका-४ को टुरा, त्रिवेणी गाउँपालिकाको-९ को चौपारी र १० को भानीपोलेमा रिचार्ज पोखरी निर्माण गरिएको हो।

नेपाल रेडक्रस सोसाइटी रुकुमपश्चिम शाखाले कर्णाली भूकम्प पुनर्लाभ कार्यक्रममार्फत विपत् जोखिम न्यूनीकरणका लागि आपत्कालीन पूर्वतयारी क्षेत्र अन्तर्गत रिचार्ज पोखरी निर्माण गरेको हो। रेडक्रसका कार्यक्रम संयोजक सरोज थापाका अनुसार पारस्थितिक प्रणालीमा देखिएको असर न्यूनीकरण गर्न र जङ्गली जनावर तथा चराचुरुङ्गीलाई पानीको आवश्यकता परिपूर्ति गर्न रिचार्ज पोखरी निर्माण गरिएको हो। जलस्रोतको पुनर्भरण गर्न तीन वटा रिचार्ज पोखरी बनाइएको उहाँको भनाइ छ। रिचार्ज पोखरी पानीका मुहानभन्दा माथिल्लो भागमा निर्माण गरिएको छ। पोखरीमा बाह्रैमास पानी जम्मा गरेर तल्लो क्षेत्रमा रहेका पानीका मुहान सुक्खा हुन नदिन पनि यो उपाय अपनाइएको हो। पोखरीमा आकासे पानी सङ्कलन गरिनुका साथै उपलब्ध भएका बेलाको पानी जम्मा हुने छ।

## राष्ट्रिय आवास कम्पनी लि.

(नेपाल सरकारको पूर्ण स्वामत्वि प्राप्त)

केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर - सम्पर्क कार्यालय, बुद्धनगर, काठमाडौं

## घडेरी बिक्रीको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०९/०४

यस कम्पनीबाट संचालित श्रीखण्डपुर आवास तथा बजार क्षेत्र धुलिखेल न.पा. वडा नं. ५ काभ्रेपलाञ्चोकमा बिक्री हुन बाकी रहेका ५ (पाँच) वटा घडेरीहरु शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बढाबढ गरी विक्री गरिने भएको हुँदा इच्छुक नेपाली नागरिक एवं संघ संस्थाहरुले आफूले खरिद गर्न चाहेको घडेरीको मूल्य अंक र अक्षरमा प्रष्ट उल्लेख गरी नागरिकताको फोटोकपी एवं संघ संस्था भए नविकरण गरिएको फर्मको दर्ता प्रमाणपत्रको फोटोकपी सहित यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन सम्म कार्यालय समय भित्र आई देहाय बमोजिम शर्त र बन्देजमा रहि शिलवन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

१. घडेरी खरिद गर्न बोलपत्र फारम दस्तुर रु.३०००/- (पछि फिर्ता नहुने)।
२. प्रत्येक घडेरीको लागि बेग्ला बेग्लै बोलपत्र पेश गर्नु पर्नेछाबोलपत्रदाताले घडेरीको स्थलगत अवलोकन गरि घडेरीको भौगोलिक अवस्थिति हेरेर बोलपत्र पेश गर्नुपर्ने छ र बोलपत्र स्वीकृत भएमा घडेरी जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्ने छ।
३. खरिद गर्न चाहेको घडेरीको १०% ले हुने रकम नेपाल बैंक लिमिटेड कुपण्डोल स्थित यस कम्पनीको खाता चल्ती हिसाब नं. १३५००१००१५७००७००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्ने छ। बैंक भौचरको पछाडि बोलपत्रदाताको नाम, थर, ठेगाना, मोबाइल नं र आफूले खरिद गर्न चाहेको घडेरीको कि.नं. र क्षेत्रफल उल्लेख गर्नु पर्नेछ।
४. बोलपत्र यस कम्पनीको केन्द्रीय कार्यालयबाट खरिद गर्न सकिने छ।
५. बोलपत्र ३० (तिस) औं दिन भित्र कार्यालय समयमा केन्द्रीय कार्यालय बुद्धनगर काठमाडौंमा पेश गरी सक्नु पर्ने छ।
६. बोलपत्र ३१ औं दिन दिनको २ बजे पछि केन्द्रीय कार्यालयमा खोलिने छ।
७. बोलपत्र साथ टिकट दस्तुर बापत रु. १० नगद नत्थी गर्नु पर्ने छ।
८. बोलपत्र खरिद गर्ने, बुझाउने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन सो बोलपत्र खोलिनेछ।
९. घडेरी खरिदको लागि निर्णय भएका बोलपत्रदाताले बाँकी ९० प्रतिशत रकम बोलपत्र स्वीकृत भई सूचना दिएको मितिले ३५ दिन भित्र सि.नं.३ मा उल्लेखित खातामा जम्मा गर्नु पर्नेछातोकिएको समय र मिति भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम जफत हुने छ र प्लटको दाबी गर्न पाउने छैन।
१०. माथि उल्लेख नभएका बिषयहरुको हकमा कम्पनीको ऐन , नियम र प्रचलित कानुन अनुसार हुनेछ।
११. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस कम्पनीमा रहनेछ।
१२. विस्तृत जानकारीको लागि के.का. को फोन नं. ०१-४७९०५२१ मा सम्पर्क गर्न सकिने छ।

**बिक्री गरिने घडेरीको विवरण**

श्रीखण्डपुर आवास तथा बजार क्षेत्र धुलिखेल न.पा. वडा नं.५- काभ्रेपलाञ्चोक

| सि.न. | श्रेणी | प्लट नं | कित्ता नं | क्षेत्रफल ब .मि | न्युनतम मूल्य प्रती ब.मि | जम्मा मूल्य |
|---|---|---|---|---|---|---|
| १. | उच्च (क ) | ७२ | २१६८ | ३०१.१२ | ४५,५८२।०० | १,३७,२५,६५१।८४ |
| २. | उच्च (क ) | ११ | २१७२ | १८७.४७ | ४५,५८२।०० | ८५,४५,२५७।५४ |
| ३. | मध्यम (ख ) | ६४ | २१७४ | २०४.७० | ३७,९८५।०० | ७७,७५,५२९।५ |
| ४. | मध्यम (ख ) | ६६ | २१६४ | २१६.८८ | ३७,९८५।०० | ८२,३८,१८६।८० |
| ५. | निम्न (ग ) | ८५ | २१७० | ३९२.२० | ३२,२७५।०० | १,२६,५८,२५५।०० |

**Invitation for Electronic Bids**

Government of Nepal (GoN)